# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धनगढी, कैलाली

## करार सेवामा कर्मचारीको आवश्यकता सम्बन्धि सूचना

धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मिति: २०८०।१२।०९ गते

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय सम्झौताअनुसार सञ्चालित कार्यक्रम हो र यो कार्यक्रम, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा सञ्चालित छ। सामी कार्यक्रमलाई स्वीस सरकार विकास सहयोगको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइहेको छ। यस सामी कार्यक्रम अन्तर्गत कैलाली जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आप्रवासी स्रोत केन्द्र सञ्चालन गर्न तथा धनगढी उप-महानगरपालिकामा वैदेशिक रोजगार सम्वन्धी सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श सेवा, वित्तिय साक्षरता सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि यो सूचना प्रकासित भएको मितिले १५ दिन भित्र दरखास्त आह्वान गरिएको छ।

| क्र. सं. | विज्ञापन नं. | पद | पद संख्या | दरखास्त दस्तुर | योग्यता |
|---|---|---|---|---|---|
| १ | १/०८०/०८१ | कार्यक्रम संयोजक | १ जना | रु.१०००।– (रु एक हजार मात्र) | मानवीकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी ५ वर्षको कार्यानुभव, कम्तीमा २ बर्ष अधिकृत वा सो भन्दा माथिको पदमा रहि कार्य गरेको अनुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |

१. **करार अवधि:** हाललाई २०८१ साल असार मसान्त सम्म सो पश्चात कार्यक्रमको निरन्तरता रहेमा आवश्यकता र कार्य सम्पादन मुल्यांकनको आधारमा करार अबधि थप हुन सक्नेछ।

२. **परिक्षाको किसिम** : लिखित, अन्तवार्ता र प्रयोगात्मक। बिस्तारमा निम्नानुसार उल्लेख गरिएको छ।

| क्र.स. | परीक्षाको किसिम | प्रश्न संख्या | अंकभार | जम्मा पूर्णाक |
|---|---|---|---|---|
| १ | लिखित (बहुबैकल्पिक प्रश्नोतर) | २५ | २ | ५० |
| २ | प्रयोगात्मक (Ms Word, Ms power point and Ms Excel ) | | | १५ |
| ३ | अन्तरबार्ता | | | ३५ |
| जम्मा | | | | १०० |

३ **पाठ्यक्रम** : (क) बैदेसिक रोजगार ऐन र नियमावली, २०६४ (ख) आप्रवासी श्रोत केन्द्र (संचालन तथा ब्यवस्थापन) कार्यविधि,२०७८ (ग) सुरक्षित आप्रवासन कार्यक्रम संचालन मार्गदर्शन, २०७९ (घ) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको भूमिका र धनगढी उपमहानगरपालिकाको परिचय तथा भूमिका।

४ परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ।

५ कार्यस्थल : धनगढी उपमहानगरपालिकाक्षेत्र र सामी कार्यक्रम लागु भएका अन्य क्षेत्र।

६ वि.न. १/०८०/०८१
पुरुषको हकमा न्युनतम १८ वर्ष पुरा भै ३५ वर्षा ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

७ दरखास्तका साथ बुझाउनुपर्ने देहाएका आबश्यक कागजातहरु उमेदवार स्वयंले प्रमाणित गरि पेश गर्नुपर्नेछ।
(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,
(ख) लब्धांक पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,
(घ) अनुभव भएमा सो खुल्ने कागजातहरु।

८ **तलव तथा अन्य सुविधा:** कार्यक्रमको नियमानुसार।

९ दरखास्त फारम : धनगढी उपमहानगरपालिकाको **Website : www.dhangadhimun.gov.np** बाट डाउनलोड गरि प्राप्त गर्न सकिनेछ।

१० दरखास्त दस्तुर : यस कार्यालयको राजस्व शाखामा नगद बुझाई सोको नगदी रसिद संलग्न गरेको हुनुपर्नेछ।

११ दरखास्त फारम बुझाउने स्थान : धनगढी उपमहानगरपालिका नगर कार्यपालिका कार्यालयको सामाजिक बिकाश शाखामा बुझाउनु पर्नेछ।

१२ दरखास्त बुझाउने अन्तिम मिति : २०८०/१२/२३ गते कार्यालय समय भित्र बुझाउनु पर्नेछ।आबेदन दिने अन्तिम दिन सार्बजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बुझाउन सकिनेछ।

१३ सम्पर्ग मिति : २०८०/१२/२५ गते।

**पुनश्च:** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित धनगढी उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**छनौट प्रक्रिया:** प्रारम्भिक छनौटमा परेका उमेदवारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परीक्षामा समावेश गरिने छ। प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ।

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत
धनगढी उप-महानगरपालिका

प्रमुख प्रशासकीय अधिकृत